आज मिति २०७८/०१/१६ गते जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का संयोजक प्रमुख जिल्ला अधिकारी श्री लक्ष्मी देवी होमागाई (खतिवडा) को अध्यक्षता तथा देहायका पदाधिकारीहरुको उपस्थितिमा सल्यान जिल्लामा कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका सम्बन्धमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको बैठक बसी देहायबमोजिम निर्णय गरियो ।

## उपस्थिति :

| | | |
|---|---|---|
| श्री लक्ष्मी देवी होमागाई (खतिवडा) | प्रमुख जिल्ला अधिकारी | -अध्यक्ष |
| श्री केश बहादुर विष्ट | प्रमुख, जिल्ला समन्वय समितिको कार्यालय | -सल्लाहकार |
| श्री निम बहादुर वली | नि. जि.स.स. जिल्ला समन्वय समितिको का. | -सदस्य |
| श्री कन्चन कृष्ण बस्नेत | प्रमुख सेनानी, सबुज गण, सल्यान | -सदस्य |
| श्री गोविन्द थापा | प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय, सल्यान | -सदस्य |
| श्री सन्तोष रायमाझी | स.प्र.ना.उ., सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म | -सदस्य |
| श्री विनोद दुवाडी | प्र.अ.अ., राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | -सदस्य |
| श्री दशरथ श्रेष्ठ | स्वास्थ्य सेवा व्यवस्थापक, स्वा.सेवा. का. | -सदस्य |
| श्री थमन खड्का | स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, सल्यान | -सदस्य |

## विशेष उपस्थिति :

| | |
|---|---|
| श्री सुरेश अधिकारी | नगर प्रमुख, शारदा नगरपालिका |
| श्री शंकरराज पाठक | प्र.प्र.अ., शारदा नगरपालिका |
| डा. भिमकान्त जैसी | मे.अ. सल्यान अस्पताल, सल्यान |
| श्री रिखाराम पुन | कोरोना फोकल पर्सन, स्वास्थ्य सेवा कार्यालय, सल्यान |
| श्री नविन पौडेल | अध्यक्ष , नेपाल पत्रकार महासंघ, सल्यान शाखा |
| श्री मिना बुढाथोकी | इन्सेक प्रतिनिधि, सल्यान |

निर्णयहरु :

१. विश्वभरी फैलिदैं गइरहेको नयाँ भेरियन्टको कोभिड-१९ को महामारी यस जिल्लाका सबै पालिकाहरुमा समेत तिब्र रुपमा फैलिरहेको हुँदा उक्त रोगको chain break गर्न, संक्रमणको जोखिम नियन्त्रण, रोकथाम र उपचारको व्यवस्थापन गर्न, नेपाल सरकार मन्त्रिपरिषदको बैठक संख्या ३२१/५१८८, ०७७/०७८, मिति २०७८/०१/१३ गतेको निर्णय बमोजिम यस जिल्लाभर निषेधाज्ञा जारी गर्न अत्यावश्यक देखिएकोले प्रचलित कानूनबमोजिम मिति २०७८/०१/१९ गते विहान ६:०० बजे देखि २०७८/०२/०१ राती १२:०० बजे सम्म सल्यान जिल्लाभर लागू हुने गरी प्रमुख जिल्ला अधिकारीबाट देहायबमोजिम हुने गरी निषेधाज्ञा जारी गर्न सिफारिश गर्ने निर्णय गरियो ।

## I). सञ्चालन गर्न पाइने सेवा र कार्यहरु

- अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, ग्याँस, पेट्रोलियम पदार्थ, खानेपानी, औषधी तथा उपचारका सामग्री, दुरसंचार, इन्टरनेट, क्वारेन्टाइन, आइसोलेसन, फोहरमैला व्यबस्थापन, बैंकको ए.टी.एम., डाँक सेवा, सार्वजनिक निर्माण सम्बन्धी कार्य ।
- खाद्यान्न, तरकारी, फलफूल, दुध, र दुग्धजन्य पदार्थ, औषधी तथा उपचारका सामग्री र खाने पानीका ढुवानी सेवाहरु ।
- एम्बुलेन्स, दमकल, झण्डावाला सरकारी र निलो (कुटनीतिक) प्लेटका सवारी साधनहरु, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन ।
- हवाइजहाजबाट यात्रा गर्न जानेका हकमा हवाइटिकट देखाइ एयरपोर्ट सम्म जाने र फर्कने ।
- खाद्यसामग्री, तरकारी फलफूल दुग्धजन्य पदार्थका पसलहरु बिहान ६:०० बजेदेखि ९:०० बजेसम्म र बेलुका ५:०० बजेदेखि ७:०० बजेसम्म नेपाल सरकारले तोकेका स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्णरुपले पालना गरी सञ्चालन गर्ने । यी बाहेक अन्य पसल व्यवसाय हाललाई बन्द गर्ने ।

## II). सवारी पास लिएर सञ्चालन गर्न सक्ने सेवा र कार्यहरु

- माथि उल्लेख भएका बाहेक अन्य अत्यावश्यक काम (अस्पताल आउने जाने, बिरामी र कुरुवा, मृत्यु संस्कारमा अनिवार्य सहभागी हुनुपर्ने अवस्था) का लागि जिल्ला प्रशासन कार्यालयबाट सवारी अनुमति लिनु पर्ने ।
- सञ्चारकर्मी/पत्रकारको हकमा सूचना विभाग वा सम्बन्धित Media House ले जारी गरेको परिचयपत्रको आधारमा आवतजावत गर्न दिने ।
- सार्वजनिक निर्माणका लागि ढुवानी गर्ने साधनहरु सञ्चालन गर्दा निर्माण कार्य गर्ने आयोजना/कार्यालय/निकायको सिफारिशमा जिल्ला प्रशासन कार्यालयबाट सवारी अनुमति लिनु पर्ने ।

**III). सभा सम्मेलन र सामाजिक कार्य सम्बन्धमा**

- सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, भौतिक उपस्थितिमा हुने शिक्षण सिकाईका क्रियाकलापहरु, सिनेमाहल, पार्टी प्यालेस, मनोरञ्जन स्थल, सैलुन, ब्युटी पार्लर, समूहमा खेलिने खेलकुद आदि सञ्चालन गर्न नपाइने ।
- विवाह व्रतबन्धको कार्यक्रम गर्दा १५ जनासम्म मात्र सहभागि हुनु पर्ने र स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गरी जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएर मात्र गर्ने ।

**IV). कार्यालय सञ्चालन सम्बन्धमा**

- जिल्लाका सरकारी र सार्वजनिक कार्यालयका प्रमुखले आलोपालो पद्धतिअनुसार कर्मचारी खटाई कार्यालयको आन्तरिक व्यवस्थापन गर्ने । अत्यावश्यक बाहेक अन्य सार्वजनिक सेवा हाललाई स्थगन गर्ने ।
- सरकारी कार्यालय लगायत सार्वजनिक सेवा प्रदायक संस्थाहरुको हकमा परिचय पत्र वा जिल्ला प्रशासन कार्यालयबाट जारी भएको सवारी पास लिएर मात्र आवत जावत गर्न पाइने ।

**V).** यस जिल्लामा अन्यत्र जिल्ला वा छिमेकी मुलुक भारत गई फर्कने व्यक्तिहरुले अनिवार्य रुपमा १० दिनसम्म स्थानीय तहले निर्माण गरेका क्वारेन्टाइन/होम क्वारेन्टाइनमा बस्नुपर्ने ।

**VI).** सार्वजनिक निर्माण कार्यका लागि खटिने जनशक्तिलाई निर्माण स्थलमा नै खाने बस्ने प्रबन्ध गर्नुका साथै स्वास्थ्य सुरक्षाका मापदण्डको पूर्ण रुपमा पालना गर्ने ।

**VII).** जिल्लाभित्र तथा जिल्लाबाहिर चल्ने नीजि तथा सार्वजनिक सवारी साधनहरु सञ्चालन गर्न नपाइने ।

**VIII).** निषेधाज्ञाको बर्खिलाप गरेको पाइएमा संक्रामक रोग ऐन २०२० को दफा २ र ३ तथा स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ बमोजिम दण्ड जरिवाना हुने ।

२. जिल्लामा रहेको स्वास्थ्य सेवा कार्यालय अन्तर्गत सञ्चालित जिल्ला अस्पतालमा जिल्लाभरका कोभिड-१९ संक्रमित बिरामीहरुको चाप बढ्दै गइरहेको, उक्त अस्पतालमा कोभिड- १९ संक्रमितहरुका लागि १६ वटा बेड मात्र सञ्चालनमा रहेको, अस्पताल हाताभित्र २० बेड थप गर्न सकिने भएकोले उपचार बेड थप गर्न प्रत्येक पालिकाले रु १,५०,०००। (एकलाख पचास हजार) जिल्ला प्रशासन कार्यालयको विपद व्यवस्थापन कोष (खाता नं : ०७४०१००००२००६००००१,

खाताको नाम : क २.६ को ले नि का सल्यान विविध खाता) मा जम्मा गरिदिन सबै पालिकालाई अनुरोध गर्ने ।

३. स्वास्थ्य सेवा कार्यालय, सल्यानको मिति २०७८/०१/१६ को पत्रबाट अनुरोध भएका देहायका सामग्रीहरु कर्णाली प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट जिल्ला विपद् व्यवस्थापनका लागि प्राप्त भएको रकमबाट खरिद गरी स्वास्थ्य सेवा कार्यालयलाई प्रदान गर्ने ।

- Bain Circuit — 10 pcs (Adult Size)
- CPAP Mask —10 pcs (Adult Size)
- PPE Set — 100 pcs (Adult Size)

४. राष्ट्रव्यापी रुपमा सञ्चालन भइरहेको राष्ट्रिय जनगणना २०७८ को तालिम लगायत अन्य कार्यक्रमहरु स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई सञ्चालन गर्न सहयोग गर्ने ।